# हिमाली गाउँपालिकाको

# प्रकोप पिडित उद्धार राहत सम्बन्धी मापदण्ड २०७५

सभा बाट स्वीकृत मिति : –२०७४।१२।१४

**हिमाली गाउँपालिका**

**धुलाचौर ,बाजुरा**

**७ नं प्रदेश, नेपाल**

**हिमाली गाउँपालिकाको प्रकोप पिडित उद्धार राहत सम्बन्धी मापदण्ड २०७५**

**कार्यपालिकाबाट स्वीकृत मिति-२०७४।२।१४**

## १) उद्धार तयारी व्यवस्थापन

क) गाउँ दैवीप्रकोप उद्धार समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी जुनसुकै क्षेत्रमाप्रकोप आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुऱ्याउने व्यवस्था मिलाउने । यसकालागीखोज तथा उद्धार सामग्री,गाउँपालिकामा आवश्यकता अनुसार भण्डारणको व्यवस्थागर्ने । जोखिममा परेका बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरण लगायत का उपयुक्त व्यवस्था गर्नको लागी आवश्यक अध्ययन अनुसन्धान ,योजना तथा कार्यक्रम कार्यान्वयनको व्यवस्थागर्ने । प्रकोपको जोखीममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्थागर्ने ।

ख) स्थानीय स्तरको प्रकोप काप्रकृतिको पहिचान गरी सो बाट पिडितहरुको खोजी र उद्धार गर्ने कार्यको लागीदक्ष र तालीम प्राप्त जनशक्ति न्युनतम १०जनाजुनसुकै बेला परिचालनगर्न सकिने अवस्थामा राख्ने व्यवस्था गाउँपालिकाले मिलाउने । तालीम प्राप्त जनशक्तिको साथै प्रकोपको समयमा राहतको छिटो छरितो व्यवस्थाको लागीखोज र उद्धार सामाग्रीहरुको लागत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न एवं लत्ताकपडा तथा भाडाकुडाको भण्डारणको व्यवस्थागर्ने ।

ग) गाउँ दैवीप्रकोप उद्धार कोषमारु.५,००,००० (पाँचलाख) न्युनतम मौज्दात कायम राख्ने व्यवस्था गाउँपालिकाका अध्यक्षले मिलाउने ।

घ) उक्तकोषको खाता संचालन गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको नाममाहुने छ।

ङ) सामाजिकएव गैर-सरकारी संघ -संस्थाहरुको सहयोग समेत लिई प्रकोप व्यवस्थापन जनचेतना अभिवृद्धि गर्ने कामगर्ने ।

च) प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखीशिविर संचालनगर्न गाउँ दैवीप्रकोप उद्धार समितिले सम्भव भए सम्म विद्यालय ,स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोगगर्ने ।

छ) खोज तथा उद्धार कालागी आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गराउने तथा समुचित प्रवन्ध गाउँ दैविप्रकोप उद्धार समितिले मिलाउने । उद्दार समिति

ज) गाउँपालिका स्तरिय राहतउद्दार समिति गठन हुनु पर्ने छ ।

## २) आपत्कालीन उद्धार तथा राहतवितरण

क) प्रकोप घटनामा परी व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुपप्रति मृतकको कृया खर्च बापत रु ३०,०००-तिसहजार)का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने,घाइतेलाई यातायातखर्च स्वरुपरु. २०००।- यसरी रकमउपलब्ध गराउँदा सम्बधित वडा समितिको सिफरीस,प्रतिनिधिको प्रतिवेदनको आधारमागाउँ दैवीप्रकोप उद्धार समितिले उपलब्ध गराउने ।

ख) विपद्धबाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्नवाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानभई तत्काल गुजाराको लागी खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडीत परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागी रु. ५०००(पाँचहजार) र आंशिक रुपमाघर र आवास क्षति भएकालाई रु ३००० तीन हजार सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

ग) प्रकोपको समयमा पीडीत परिवारहरुलाई सुरक्षित स्थानमा राखीशिविर संचालनगर्नु पर्ने अवस्था भएमा स्रोतले भ्याएमा गाउँ दैवीप्रकोप उद्धार समितिले व्यवस्थागर्ने स्रोतले नभ्याएमा तत्काल गाउँ दैवीप्रकोप उद्धार समितिले जिल्ला दैवीप्रकोप उद्धार समिति रगृह मन्त्रालयमा सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने ।

घ) प्रकोपमा परी खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै गृह मन्त्रालयमा पठाउने ।

ङ) पीडीतहरुलाई राहतवितरण गर्दा स्थानीय उद्धार समिति गठन भएको स्थानमा सो समितिमार्फत र अन्य ठाउँको हकमा स्थानीय दैवीप्रकोप उद्धार समितिमार्फत नै राहतउपलब्ध गराउने । यसरी राहतवितरण गर्दा सम्भव भए सम्म स्थानीय स्तरमा रहेकासबै दलको प्रतिनिधि समेतलाई आमन्त्रण गरी गाउँ दैवीप्रकोप उद्धार समितिको निर्णयको आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्थागर्ने ।

च) घटनामा परी खाद्यान्न लत्ताकपडा लगायत घर पुर्ण रुपमा नष्ट भएकावा पुर्ण नष्ट नभएता पनि सम्भावित खतरा बाट जोगीनअन्यत्र सार्नु पर्ने वाविस्थापितभई सुरक्षित स्थान मा नयाँ आश्रय स्थल निमार्ण गरी व्यवस्थागर्नु पर्ने अवस्थाका परिवारलाई प्रति रु. ५,००० (पाँचहजार) सम्मआर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग गाउँ दैवीप्रकोप उद्धार समितिले आवश्यक छानविन गरी बैठक बाट निर्णय गराएर मात्रदिने । साथै विशेष परिस्थितीको सिर्जनाभएको अवस्था मा थप सहायता उपलब्ध गराउन पर्ने देखिएमा गाउँ दैविप्रकोप उद्धार समितिले थप रु.५,०००(पाँचहजार) सम्मप्रति परिवार उपलब्ध गराउने ।

छ ) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई गाउँ दैवीप्रकोप उद्धार समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भक्तानी गरी दिने र अस्पतालबाट घर जानआर्थीक सहयोग स्वरुप प्रति व्यक्ति रु. १,००० (एक हजार) र यातायात खर्च बापत बढीमा २००० (दुई हजार )दिने ।

ज) प्रकोपका पिडितहरुलाई पुनर्स्थापन तथा पुन निर्माणका लागी प्रचलित नीति तथा कानुन बमोजीम वन मन्त्रालय अन्तरगतको जिल्ला स्थित तोकिएको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउने ।

झ) भुकम्प ,बाढी,पहिरो ,आगलागी,हुरी बतास चट्याङ्ग, शीतलहर, हिमपातका साथै प्रकोपका कारण बाट भएको हवाई सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडीतहरुलाई मात्र राहत सहयोग उपलबध गराउने ।

ञ) राहततथा उद्धार कार्य सञ्चालनगर्नु पर्ने विशेष परिस्थितीमा विविध खर्चको लागी रु. ५,०००( पाँचहजार) सम्मगाउँ दैवीप्रकोप उद्धार समितिको निर्णयनुसार गा.पा. अध्यक्षलेखर्च गर्न सक्ने ।

ट) निर्धारित मापदण्ड बमोजीम राहत सहयोग उपलब्ध गराउँदागाउँ दैवीप्रकोप उद्धार समितिले घटना भएको ३० दिनभित्र सुचना प्राप्त भएको घटनाका लागीमात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

## ३. सुचनाव्यवस्थापन, अनुगमन र मुल्यांकन

क) राष्ट्रिय सम्पर्क केन्द्र (National Focal point)को वेभसाईट निमार्ण गरीगाउँ दैविक प्रकोप उद्धार समितिलाई आबद्द गराउने र सम्बन्धि सुचनाको प्रवाह (dissemonation) गर्ने ।

ख) केन्द्रमा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले र जिल्लाप्रशासनकार्यालयको प्रकोपको घटना सम्बन्धी केन्द्रिय र गाउँ स्तरिय दैवी प्रकोप उद्धार समिति लेगाउँपालिका गत तथ्याङक अद्यावधिक गर्ने र वार्षिक रुपमाप्रकाशन गरी सार्वजनीकगर्ने ।

ग) गाउँ दैवीप्रकोप उद्धार समितिले आफु मातहतका वडा स्तरिय दैवीप्रकोप उद्धार समितिहरुले गरेका प्रकोप व्यवस्थापन सम्बन्धी कामहरुकाे कम्तीमावर्षको १ पटक अनुगमन गरी केन्द्रिय दैवीप्रकोप उद्धार समिति मा प्रतिवेदन पेश गर्ने ।

घ) गाउँदैवीप्रकोप उद्धार समितिले प्रकोप पिडित उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियतापुर्वक कार्य गर्ने समाजसेवी ,राजनितीकव्यक्तित्व, व्यवसायी ,सामाजीक सघं संस्थाएवं राष्ट्र सेवक कर्मचारीहरुलाई उचित सम्मानएवं पुरस्कारको व्यवस्थामिलाउने र त्यस्ताव्यक्तित्वहरु लाई उचित सम्मान एवं पुरस्कारको लागि केन्द्रिय दैवीप्रकोप उद्धार समिति मा सिफारीस गर्ने ।

४) गाउँ स्तरिय बिपद व्यवस्थापन समिति रवडा स्तरिय बिपद व्यवस्थापन समिति तोकिय बमोजिम हुने छ ।